**निर्णय नं. १:**

राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रम अन्तर्गत रत्ननगर नगरपालिका क्षेत्र भित्रका विद्यालय बिच मिति २०७७ चैत्र २६, २७ र २८ गते र.न.पा. १० टिकौली चौरमा र नगरपालिकाका जनप्रतिनीधी तथा कर्मचारी बिच मिति २०७७।१२।२९ र ३० गते मैत्रीपूर्ण खेलकुद कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

अपांगता उत्थान जिल्ला समन्वय समितिलाई केन्द्रिय साधारण सभाको लागि रु. १,००,०००।- (एक लाख) आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

रत्ननगर नगरपालिकाको कार्यालयबाट यहाँको सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहभागिता जुटाउन तयार पारिएको सार्वजनिक नीजि साझेदारी मिर्देशिका २०७७ स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगर विकास कोषबाट ऋणको साँवा व्याज भुक्तानीको लागि पत्राचार भएकोमा कोरोनाको कारणले राजश्व संकलन हुन नसकेको हुँदा सो अवधिको व्याज छुटको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

रत्ननगर नगरपालिकाको १२(बाह्र) वटा वडामा बाली उपचार शिविर संचालन गर्न एग्रीकल्चर हस्पिटल प्रा.लि. लाई रु. ३,००,०००।- (तीन लाख) मा कार्य सम्पन्न गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**

सवै वडाहरुमा ३ वटाको दरले सिंचाई मोटर वितरण गर्न वडाबाट सेवाग्राही छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७:**

कृषि र पशुपन्छी शाखाको आवधिक योजना (VCDP) तयारी गर्न रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गर्ने र तथ्यांक संकलन गर्न वडा सदस्यहरुलाई खटाउन पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

रत्ननगर नगरपालिका वडा नं. १३, अमिलिया स्थित पारिजात टोलमा रहेको डीप बोरिङ्ग पुरानो भई जीर्ण भएको र अनावश्यक ठाउँ लिएकोले हटाउन सम्बन्धित टोल विकास संस्थालाई अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ९:**

विपद व्यवस्थापन र सामाजिक विकास समितिबाट आर्थिक सहयोगका लागि पेश भएको सिफारिस वमोजिम निम्नानुसारका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

क. दिपक सेन्चुरी वडा नं. ११ रु. ८,०००।- (आठ हजार)

ख. रामकृष्ण श्रेष्ठ वडा नं. १६ रु. ८,०००।- (आठ हजार)

ग. विमला थिङ्ग वडा नं. १५ रु. १०,०००।- (दश हजार)

घ. शर्मिला आचार्यलाई हर्निया उपचारको लागि रु. २५,०००।- (पच्चीस हजार)

ङ विष्णु प्रसाद शर्मालाई मृगौला फेल भएको उपचारको लागि रु. १५,०००।- (पन्ध्र हजार)

च. रत्न सूचिकारलाई क्यान्सर रोग उपचारको लागि रु. १५,०००।- (पन्ध्र हजार)

छ. गोविन्द परियारलाई सडक दुर्घटनामा परेकोले उपचारको लागि रु. १०,०००।- (दश हजार)

ज. तेज बहादुर गुरुङ्ग, र.न.पा. २ लाई रु. २०,०००।-(बीस हजार)

झ. माधव विष्ट, र.न.पा. २ लाई रु. १५,०००।- (पन्ध्र हजार)

**निर्णय नं. १०.**

रत्ननगर नगरपालिका, ६ नं. वडा कार्यालयको माग वमोजिम वडा नं. ६ स्थित बछौली स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड सुधारका लागि नपुग रकम रु. २६,७६०।- (छव्वीस हजार सात सय साठी) विविध सार्वजनिक निर्माण शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११:**

यस रत्ननगर नगरपालिकामा कार्यक्रम हलको अभावले अन्य स्थानमा गई कार्यक्रम गर्नुपर्दा अतिरिक्त समय र रकम खर्च भएकोले नयाँ प्रशासनिक भवनको छतमा ट्रस र सभा हल निर्माण गर्न ल. ई वमोजिमको रकम विविध सार्वजनिक निर्माण शिर्षकबाट व्यहोर्ने गरी उपभोक्ता समिति मार्फत कार्य गराउने निर्णय गरियो ।

**निर्णय नं. १२:**

रत्ननगर नगरपालिका वडा नं. २ निवासी तिलक राम भट्टराई, बाबुराम अर्याल र राम प्रसाद पाण्डेको नाममा रहेको संयुक्त जग्गा धनी दर्ता प्रमाण पुर्जा साविक देवौली २।क हाल रत्ननगर नगरपालिका २ मा रहेको कित्ता नं. २९० क्षेत्रफल ५५६.२६ वर्ग मिटरको जग्गा मध्ये पश्चिमबाट ८४.६६ वर्ग मिटर जग्गा रत्ननगर नगरपालिकाको नाउँमा निज व्यक्तिहरुले नि:शुल्क दिन मञ्जुरी भएकाले रजिष्ट्रेसन पास गरि लिने साथै उल्लेखित कार्य गर्न यस नगरपालिकामा कार्यरत सहायक पाचौं श्री देव प्रसाद पौडेललाई प्रतिनिधी तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १३:**

बागमती प्रदेश सरकारको समपुरक कार्यक्रम अन्तर्गत वडा नं. २ को टाँडीचोकदेखि भोकाहा फुटपाथ सहितको नाला निर्माण गर्ने क्रममा विधुत पोल र तारको अवरोधले कार्य गर्न बाधा उत्पन्न भएको हुँदा गत आ.व. २०७६।०७७ मा आकाशे पुल निर्माण स्थलमा विधुतिय तार भूमिगत गर्न निकासा भएको रकम मध्ये उक्त कार्यमा खर्च भई बाँकी रकमबाट व्ययभार हुने गरी नेपाल विधुत प्राधिकरण रत्ननगर वितरण केन्द्रलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १४:**

यस नगरपालिकामा कार्यरत कानुनी सहजकर्ता श्री पिङ्का थापालाई न्यायिक समितिको सदस्य सचिवकोरुपमा कामकाज गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।